## पोखरा फाइनान्स लिमिटेडको अठारौ वार्षिक साधारणसभाको विवरण

यस पोखरा फाइनान्स लिमिटेडको अठारौ वार्षिक साधारणसभा २०७१ मंसिर ५ गते शुक्रवारका दिन होटल पोखरा ग्राण्डको सभाकक्षमा सञ्चालक समितिका अध्यक्ष श्री भुवनसिं गुरूङज्यूको सभापतित्वमा विहान ९ वजे शुरू भै ११ वजे सुसम्पन्न भयो । साधारण सभामा छलफल भएका विषय र पारित भएका निर्णयहरू निम्न अनुसार छन् ।

१।- छलफलका विषयहरू

(क) सामान्य प्रस्तावहरू:

१। यस वित्तीय संस्थाको संचालक समितिको तर्फवाट अध्यक्षज्यूबाट प्रस्तुत हुने अठारौ वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने,

२। लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७०/०७१ को वासलात नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा नाफा नोक्सान बांडफांड हिसाव लगायत आर्थिक विवरणसंग सम्वद्ध अनुसुचिहरू उपर छलफल गरी पारीत गर्ने ,

३। संचालक समितिवाट प्रस्ताव गरे बमोजिम रू १ करोड ८७ लाख २० हजार (चुक्ता पूंजिको ६%) वोनस शेयर र नगद लाभांश रू ३ करोड १२ लाख (चुक्ता पूंजीको १०%) स्वीकृत गर्ने ।

४। आर्थिक वर्ष २०७१/०७२ को लागि लेखापरिक्षकको नियूक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ,

(ख) विशेष प्रस्ताव:

१। संचालक समितिले प्रस्ताव गरे बमोजीमको चुक्ता पूंजीको ६ प्रतिशत वोनस शेयर स्वीकृत गर्ने तथा उक्त वोनस शेयर जारी पश्चात प्रवन्ध-पत्रको दफा ५(ख), ५ (ग) मा संशोधन गरी जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने

२। वित्तीय संस्थाको नियमावलीको नियम ३१ वमोजिम संचालकहरूको सुविधा तथा भत्ता वृद्धि गर्ने,

३। वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावली संशोधन गर्दा कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैक वा अन्य नियमनकारी निकायवाट फेरवदल गर्ने निर्देशन भएमा आवश्यकता अनुरूप सोमा थपघट गर्न वा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

साविक पोखरा फाइनान्स लि. (वित्तिय संस्था)

४।




प्रधान कार्यालय
न्यूरोड, पोखरा-९, कास्की
फोन : ९७७-६१-५३११४५, ५४११३५
फ्याक्स : ९७७-६१-५३१६१०
इमेल : info@pokharafinance.com.np
पो. ब. नं. : ४७०

शाखा कार्यालयहरु
सभागृह चोक, पोखरा-८
०६१-५३०३२३, ५४००७५
०६१-५३०३२४
sabhagrihachowk@pokharafinance.com.np

सुन्धारा, काठमाण्डौं-११
०१-४२६२६४७, ४२४९७६७
०१-४२५२११३
sundhara@pokharafinance.com.np

भीमकालीपाटन, बजार, पोखरा-१
०६१-५३८००९
०६१-५२६७५१
bhimkalipatan@pokharafinance.com.np

www.pokharafinance.com.np

२। सभामा उपस्थिति

(क) संचालक समितिका ७ जना संचालकहरूको उपस्थिति भएको ।

(ख) समूह "क" का संस्थापक शेयरधनि ४७ जना मध्ये स्वयं उपस्थिति १५ जना र प्रतिनिधि (प्रोक्सी) मार्फत १७ जना गरी जम्मा ३२ जना शेयरधनिहरूको शेयरसंख्या १४,९०,३०३ अर्थात ७६.६१ प्रतिशत शेयरधनिहरूको प्रतिनिधित्व भएको थियो ।

(ग) समूह "ख" का शेयरधनि ९६० मध्ये ३४ जनाको प्रतिनिधि प्रोक्सी मार्फत र ९४ जना स्वंय उपस्थिति गरी जम्मा १२८ जना शेयरधनीहरूको शेयरसंख्या २,६४,४१८ अर्थात २१.१९प्रतिशत शेयरधनिहरूको प्रतिनिधित्व रह्यो ।

(घ) कूल शेयरधनि १००७ जना मध्ये १६० जनाको उपस्थिति हुनुका साथै कूल शेयर संख्या ३१,२०,००० मध्ये १७,५४,७२१ शेयर संख्या अर्थात कूल शेयरमा ५६.२०% प्रतिशत शेयरधनिहरूको प्रतिनिधित्व भएको थियो । उपस्थित हुनु भएका शेयरधनिहरू सभामा भाग लिन मतदान गर्न योग्य हुनुहुन्छ ।

३। सभाको सूचना:

अठारौं साधारणसभा बस्ने बारे सूचना, छलफल गर्ने, विषयहरू वार्षिक प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाब सहितको लेखा परिक्षकको प्रतिवेदन तथा अन्य कागजात सहितको सूचना शेयरधनीहरूको व्यक्तिगत ठेगानामा र पोखरा उप-महा न.पा. तथा उपत्यका भित्रका शेयरधनिहरूको लागि घर घरमा पठाइएको साथै २०७१/०७/१२ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक, मिति २०७१/०७/२६ गते हिमदुत राष्ट्रिय दैनिक पत्रिका तथा २०७१/०८/०४ समाधान राष्ट्रिय दैनिक पत्रिकामा र २०७१/०८/०४ गते गोर्खाली एफ.एम, अन्नपूर्ण एफ.एम र वराही एफ.एममा विभिन्न समयमा सूचना प्रसारण गरीएको थियो ।

४। सभाको गणपुरक संख्या तथा वैद्यानिकता:

सभाको प्रारम्भमा कम्पनी सचिवले कम्पनी ऐन २०६३ र वित्तीय संस्थाको नियमावली बमोजीम साधारण सभा बोलाइएको र सभा संचालन गर्न कम्पनी ऐन २०६३ को दफा ७३(२) र पोखरा फाइनान्स लि.को नियमावलीको नियम ४(३) वमोजिम गणपुरक सख्या पुगेको जानकारी सभालाई अवगत गराउदै सभाको सभापतित्व गरिरहनु भएका संचालक समितिका अध्यक्ष श्री भुवनसिं गुरूङको अनुमतिले कम्पनी सचिवले सभा संचालन गर्नुभयो र कम्पनी ऐन २०६३ को दफा ६९ को अधिनमा रही पोखरा फाइनान्स लिमिटेडको नियमवाली र साधारणसभा सम्वन्धि निर्देशीका २०५६ बमोजीम सभा विधिवत रूपमा प्रारम्भ भयो ।

५। सभा संचालन र प्रतिवेदन प्रस्तुती:

(क) अध्यक्ष भुवनसिं गुरूङज्यूले सभाको सभापतित्व गर्नु हुंदा र संचालकहरू आसन ग्रहण गर्नु हुंदा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरूले ताली वजाई स्वागत अभिवादन गर्नु भयो ।

(ख) अध्यक्ष भुवनसिं गुरूङले संचालक समितिको तर्फवाट उपस्थित सम्पूर्ण शेयरधनी महानूभावहरूलाई हार्दिक स्वागत गर्दै आ.व. २०७०/०७१ सालको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

६। सभामा छलफलका लागि वार्षिक प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन प्रस्तुती:
अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट आ.व.२०७०/०७१ को संचालक समितिका १८ औ वार्षिक प्रतिवेदन आ.व. २०७०/०७१ को वासलात, नाफा नोक्सान हिसाव प्रभाव विवरण र अनुसूचि सहितको लेखा परिक्षकको प्रतिवेदन सभामा छलफलको लागि प्रस्तुत गर्नु भई सो प्रतिवेदन उपर छलफलमा भाग लिन, सल्लाह सुझाव, जिज्ञासा र टिप्पणी गरी दिनुहुन उपस्थित सम्पूर्ण शेयरधनीहरूलाई हार्दिक अनुरोध गर्नुभयो । यसै क्रममा देहायका शेयरधनीज्यूहरूले सभामा सल्लाह, सुझाव, जिज्ञासा टिप्पणी र मन्तव्य प्रस्तुत गर्नुभयो ।

(क) अमर तुलाचन
(ख) यूक्त वहादुर सुवेदी

७। सभामा उठेका प्रश्न तथा जिज्ञासाहरूको प्रत्यूत्तरको प्रस्तुतिकरण

(क) बैंकको क्षेत्र विस्तार सम्वन्धमा शाखा खोल्ने सम्वन्धमा के भएको छ ?
☞ नयाँ शाखा खोल्नका लागि आवश्यक पहल भई रहेको जानकारी गराइयो ।

(ख) गैह्र बैंकीङ सम्पत्ति विक्रि वितरण सम्वन्धमा के भईरहेको छ
☞ यस वित्तीय संस्थाको नाममा रहेको गैह्र वैकीङ सम्पत्ति विक्री वितरण गर्ने कार्य अगाडी बढाइएको जानकारी गराएयो ।

(ग) यस वित्तिय संस्थाको Recovery राम्रो बनाउनुपर्ने
☞ यस तर्फ वित्तीय संस्था सचेत रहेको छ ।

(घ) वित्तीय संस्थाको पूंजी वृद्धि गर्ने तर्फ पहल गर्नुपर्ने
☞ त्यस तर्फ आवश्यक पहल गर्नै जाने जानकारी गराइयो ।

८। साधारण सभाबाट पारित निर्णयहरू ।
उपरोक्त बमोजिम व्यापक छलफल भए पश्चात साधारण सभाले तालीको ध्वनि मतका साथ सर्वसम्मत रूपमा निम्न निर्णय गरीयो ।

निर्णय नं. १
सञ्चालक समितिका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व २०७०/७१ को सञ्चालक समितिको वार्षिक १८औं प्रतिवेदन सर्वसम्मत रूपबाट पारीत गरीयो ।

निर्णय नं. २
लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व २०७०/०७१ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण र आ.व २०७१ आषाढ मसान्त सम्मको वासलात र अनुसूचि सहितको लेखा परिक्षकको प्रतिवेदन सर्वसम्मत पारीत गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३
संञ्चालक समितिवाट प्रस्ताव गरे बमोजिमको चूक्ता पूंजीको ६ प्रतिशत बरावर हुन आउने रू १ करोड ८७ लाख २० हजार वोनस शेयर र नगद लाभांश रू ३ करोड १२ लाख (चुक्ता पूंजीको १०%) नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय गरीयो ।

निर्णय नं. ४
कम्पनी ऐन २०६३ को दफा १६५(घ) वमोजिम लेखा परिक्षण समितिको मिति २०७१/७/२१ गतेको निर्णय वमोजिम भएको सिफारिसको आधारमा यस वित्तीय संस्थाको आ.व २०७१/०७२ को लेखा परिक्षण गर्नका लागि लेखा परिक्षक श्री सन्तोष लम्साल S.L & Associates Chartered Accountants पुतली सडक काठमाण्डौलाई लेखा परिक्षकमा नियुक्त गर्ने र निजको पारिश्रमिक भत्ता ( वाहय लेखा परिक्षक) रू १,२१,०००/- कर बाहेक प्रदान गर्ने सर्वसम्मत निर्णय गरीयो ।

निर्णय नं. ५
यस वित्तीय संस्थाको जारी पूंजी रू ३१,२०,००,०००/- बाट रू ३३,०७,२०,०००/- पुऱ्याउने र तत्काल चुक्ता पुंजी ३१ करोड विस लाख बाट तेत्तीस करोड सात लाख बिस हजार (३३,०७,२०,०००) वृद्धि गरी प्रवन्धपत्रको दफा ५(ख) र ५(ग) लाई संसोधन गर्ने प्रस्तावलाई सर्वसम्मतीले पारीत गर्ने निर्णय गरीयो ।

निर्णय नं ६.
यस वित्तीय संस्थाको संचालक समितिका अध्यक्षको प्रति बैठक भत्ता रू. ४,५०० बाट रू ७,५०० र संचालकको प्रति बैठक भत्ता रू ४००० बाट रू ७०००(कर सहित) हुने गरी वृद्धि गर्ने र वित्तिय संस्थाको कामको सिलसिलामा संचालक बाहिर जादा रात, बिताउने दिनको भ्रमण भत्ता रू २,००० बाट रू ३,००० र रात नबिताउन दिनको भ्रमण भत्ता रू १,००० बाट रू १,५०० (कर सहित) हुने गरी वृद्धि गर्ने बिशेष प्रस्तावलाई सर्वसम्मतीले पारीत गर्दै उक्त प्रस्तावलाई नियमावलीमा समावेश गरी नियमावली संसोधन गर्ने प्रस्तावलाई सर्व सम्मतीले पारीत गर्ने निर्णय गरियो ।

निर्णय नं ७
यस १८औं साधारणसभा (वार्षिक साधारण सभा)ले पारीत गरी प्रबन्धपत्र र नियमावलीको संसोधन प्रस्तावलाई कम्पनी रजिष्टार कार्यालय, नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट अभिलेख गर्ने कममा अन्य कुनै संसोधन गर्नु पर्ने भएमा आवश्यक संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियार दिने सर्वसम्मत निर्णय गरीयो ।

निर्णय नं ८
धन्यवाद र सभा विसर्जन
अठारौं वार्षिक साधारणसभाका अध्यक्ष तथा संञ्चालक समितीका अध्यक्ष श्री भुवनसिं गुरूङ्गज्यूले सम्पुर्ण शेयरधनि महानुभावहरू, वित्तीय संस्थाका कर्मचारीहरू, व्यवस्थापनमा सहयोग गर्ने होटल पोखरा ग्राण्डका व्यवस्थापक र कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै १८औं वार्षिक साधारण सभा विर्सजन भएको घोषणा गर्नुभयो ।

नारायण प्रसाद शर्मा
कम्पनी सचिव

भुवन सिं गुरूङ्ग
अध्यक्ष
संचालक समिति



सम्वत २०७१ साल मंसिर ५ गते रोज ६ ।